नेपाली

Vol.46 | 2025.01



विभिन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation






# बहुभाषी परामर्श काउन्टर प्रयोग गर्नुहोस्।

दैनिक जीवनयापनमा परेका समस्याहरूबारे विभिन्न भाषाहरूमा परामर्श गर्न सकिन्छ। साथै शुल्क लिएर ओता सहर कार्यालयमा पेस गर्ने कागजातहरू अनुवाद गरिन्छ।

**काउन्टर खुला रहने समय**

सोमबार~शुक्रबार 10:00 am~5:00 pm

| भाषा | सोमबार | मंगलबार | बुधबार | बिहीबार | शुक्रबार |
|---|---|---|---|---|---|
| अंग्रेजी | ○ | ○ | ○ | | ○ |
| चिनियाँ | ○ | ○ | | ○ | ○ |
| तागालाग | ○ | | | | ○ |
| नेपाली | ○ | | ○ | | |
| भियतनामी | | | | ○ | |

*माथि लेखिएका भाषाहरू बाहेक अन्य सेवा प्रदान गर्न सकिने भाषाहरू पनि छन्। अग्रिम रूपमा परामर्श गर्नुहोस्।

① सामान्य परामर्श (निःशुल्क, नाम लेखाउनु पर्दैन)

② वकिलसँगको विशेष परामर्श (निःशुल्क, नाम लेखाउनुपर्नेछ।)

■ **परामर्श समय** महिनाको पहिलो र तेस्रो आइतबार 1:00 pm~5:00 pm

③ कागजात अनुवाद

ओता सहर कार्यालयमा पेस गर्ने कागजातहरू जापानी भाषामा अनुवाद गरिन्छ।

*दूतावास वा अध्यागमन ब्यूरोमा पेस गर्ने कागजातहरू अनुवाद गर्न सकिनेछैन। साथै सोही दिन भित्र अनुवाद गर्न सकिनेछैन।

■ **शुल्क** प्रति कागजात 500 येन


ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)
ओता सहर कामाता 4-16-8 2F

अन्तर्राष्ट्रिय सहर ओता संघ बहुभाषी परामर्श काउन्टर
☎ 03-6424-4924 FAX 03-6424-4926
E-mail soudan.tagengo@ota-goca.or.jp

···· कहिले ···· रकम ···· कति जना ···· कहाँ ···· आवेदन दिने तरिका ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## ■शिशु स्याहार आमा 2025 साल अप्रिलदेखिको प्रयोगको लागि दिने आवेदन सम्बन्धी

शिशु स्याहार आमा भनेको काम गरिरहेका व्यक्तिहरू आदिको 2 वर्षसम्मका बच्चाहरूको जिम्मा लिई शिशु स्याहार गर्ने प्रणाली हो। 2025 साल अप्रिल 1 तारिखदेखि प्रयोग गर्न चाहने व्यक्तिहरूले नाम लेखाउनुहोस्। विस्तृत जानकारीको लागि सम्पर्क गर्नुहोस्।



- 2025 साल फेब्रुअरी 25 तारिख (मंगल) देखि मार्च 7 तारिख (शुक्र) सम्म
- **शिशु स्याहार गर्ने ठाउँ**: ओता सहर भित्रको शिशु स्याहार आमा शिशु स्याहार कक्ष　लगभग 10 ठाउँहरू
- प्रति महिना 23,000 येन (1 दिनमा 8 घण्टासम्म)
  *सहयोग प्रणाली पनि छ।
- शिशु स्याहार आमा अनुसार फरक हुन्छ।
- विस्तृत जानकारीको लागि वेबसाइट हेर्नुहोस्।
- शिशु स्याहार सेवा शाखा　शिशु स्याहार निर्देशन कर्मचारी
  (ओता सहर कामाता 5-13-14　3F 21 नम्बर काउन्टर)
  ☎ 03-5744-1643　FAX 03-5744-1715

## ■विदेशी भाषामा मानव अधिकार परामर्श डायल सम्बन्धी जानकारी

विदेशी नागरिक भएको कारण रोजगारी नदिइएको, अपार्टमेन्टमा नराखिएको जस्ता अनुचित भेदभाव गरिएको खण्डमा, न्याय मन्त्रालयद्वारा प्रदान गरिने "विदेशी भाषामा मानव अधिकार परामर्श डायल" सेवाको प्रयोग गर्नुहोस्। अंग्रेजी, चिनियाँ, कोरियन, फिलिपिनो, पोर्चुगिज, भियतनामी, नेपाली, स्पेनिश, इन्डोनेसियन र थाई भाषामा सेवा उपलब्ध छ।

- सोमबार~शुक्रबार　9:00 am~5:00 pm (सार्वजनिक बिदाको दिन र वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)
- निःशुल्क
- आवेदन दिने ठाउँमा फोन गर्नुहोस्।
- विदेशी भाषामा मानव अधिकार परामर्श डायल (नाभी-डायल)
  ☎ 0570-090911
- मानव अधिकार तथा लैङ्गिक समानता प्रवर्द्धन शाखा
  ☎ 03-5744-1148　FAX 03-5744-1556
  E-mail jindanjo@city.ota.tokyo.jp

## ■रोजगारी जानकारी साइट "ओसिगोतो नाभी ओता सहर"

यो ओता सहर भित्र काम गर्न चाहने व्यक्तिहरूलाई रोजगारी खुला गरिएका कामहरूको जानकारी प्रदान गर्ने साइट हो। यसमा कम्पनीहरूको सामान्य रोजगारी खुला गरिएका कामहरूको जानकारीका साथै पार्ट र आरुबाइतोको जानकारी पनि राखिन्छ।
विभिन्न सर्तहरू राखेर काम खोज्न पनि सकिने हुनाले आफ्नो सर्तहरूसँग मिल्ने रोजगारी खोज्न सकिन्छ।

- निःशुल्क
- वेबसाइट हेर्नुहोस्।
- सार्वजनिक कल्याण संयोजन प्रतिष्ठान, ओता सहर व्यवसाय प्रवर्धन संघ　व्यवसायी सहयोग शाखा
  व्यवसाय मानव संसाधन जिम्मेवार कर्मचारी
  ☎ 03-3733-6109　FAX 03-3733-6459
  E-mail navi@pio-ota.jp



©Ota City

## ■"रमाइलो जापानी & अंग्रेजी भाषाको तादोकु" वर्कसप

यो मातृभाषा जापानी भाषा नभएका व्यक्तिहरूको लागि "सजिलो जापानी भाषा" मा लेखिएका किताबहरू र मातृभाषा अंग्रेजी भाषा नभएका व्यक्तिहरूको लागि "अंग्रेजी भाषा" का धेरै किताबहरू पढ्ने वर्कसप हो। किताबको स्तरलाई प्राथमिक स्तरदेखि उच्च स्तरसम्म विभाजन गरिएको छ। जापान र विदेशी देशहरूको चलन, संस्कृति आदि पनि रमाइलोसँग अध्ययन गर्न सकिन्छ। वर्कसप अन्त्यमा सहभागीहरू बीच आदानप्रदानको कार्यक्रम पनि हुन्छ।

- 2025 साल फेब्रुअरी 9 तारिख (आइत) 2:00 pm~4:00 pm
- ओमोरी मिनामी पुस्तकालय 2F बहुउद्देश्यीय कोठा (ओता सहर ओमोरी मिनामी1-17-7)
- निःशुल्क
- जापानी भाषा तादोकु 10 जना र अंग्रेजी भाषा तादोकु 10 जना (अग्रिम रूपमा नाम लेखाउनुपर्नेछ।)
- पुस्तकालयमा वा फोन
- ओमोरी मिनामी पुस्तकालय
  ☎ 03-3744-8411
  FAX 03-3744-8421



©Ota City

## ■पन्ध्रौं गुरुत्तो 5 टोल समिति! मिनेमाची कुइज र्याली

यो मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट हिँडेर वा साइकलमा परिक्रमा गरी, ती स्पोटहरूमा राखिएका क्षेत्रसँग सम्बन्धित कुइज र किवर्ड प्रश्नहरूको जवाफ दिँदै जाने कुइज र्याली हो। सबै कुइज प्रश्नहरूको जवाफ दिएका व्यक्तिहरूलाई मिनेमाची विशेष उपशाखा कार्यालयमा पुरस्कार प्रदान गरिनेछ।

- 2025 साल फेब्रुअरी 10 तारिख (सोम)~16 तारिख (आइत)
- मिनेमाची इलाकाको 5 टोल समितिको प्रत्येक स्पोट तथा मिनेमाची विशेष उपशाखा कार्यालय
- निःशुल्क
- सीमा तोकिएको छैन।
- अग्रिम रूपमा आवेदन दिनु पर्दैन।
- मिनेमाची विशेष उपशाखा कार्यालय (ओता सहर देनएन च्योफु होनच्यो 7-1)
  ☎ 03-3722-3111 FAX 03-3721-1493
  E-mail minemati@city.ota.tokyo.jp






©Ota City

## ■जापानी भाषा कोर्स "विद्यालयको प्रिन्ट (सूचनापत्र) पढौं"

यो प्राथमिक विद्यालय र निम्न माध्यमिक विद्यालयमा वितरण गरिने प्रिन्ट (सूचनापत्र) (विद्यालयको इभेन्ट वा अभिभावकलाई पठाइने महत्त्वपूर्ण सूचना लेखिएको पत्र) पढ्न सक्ने बनाउने उद्देश्य भएको जापानी भाषाको कोर्स हो। कसरी बुझ्न सकिन्छ र विद्यालयमा प्रयोग गरिने विशेष शब्दहरूको अर्थ सिक्न सकिन्छ।

**■दायरामा पर्ने व्यक्तिहरू:**

- ओता सहरको प्राथमिक विद्यालय अथवा निम्न माध्यमिक विद्यालयमा भर्ना गर्ने योजना भएका अथवा भर्ना भएर अध्ययन गरिरहेका बच्चाहरू भएका विदेशी अभिभावकहरू
- हिरागाना र काताकाना पढ्न र लेख्न सक्नुका साथै केही हदसम्म जापानी भाषामा कुराकानी गर्न सक्ने व्यक्तिहरू।

*शिशु स्याहार सेवा उपलब्ध छ। 18 महिना~प्राथमिक विद्यालयमा भर्ना हुनु अघिका बच्चाहरू। पहिले नाम लेखाउने 3 जना (आवेदन दिनुपर्नेछ।)




2025 साल

①जनवरी 20 तारिख ②जनवरी 27 तारिख ③फेब्रुअरी 3 तारिख

④फेब्रुअरी 10 तारिख ⑤फेब्रुअरी 17 तारिख

(हरेक हप्ता सोमबार, कुल 5 पटक)

समय: 10:00 am~12:00 pm

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)

(ओता सहर कामाता 4-16-8 2F)

निःशुल्क

15 जना (पहिले नाम लेखाउनेको क्रममा प्राथमिकता दिइनेछ)

वेबसाइटबाट आवेदन दिनुहोस्।

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ

☎ 03-6410-7981 FAX 03-6410-7982

E-mail mail@ota-goca.or.jp







हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F
ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323

▼ विदेशी नागरिकहरूको लागि जानकारी (131 भाषाहरूमा उपलब्ध छ)

▼ बहुभाषी परामर्श काउन्टर

ब्याक नम्बर हेर्न सकिन्छ। ▶